

९१औं वसन्त पार गर्नै लाग्नु भएकी दु:खकी सारथी मैयाँदिवीले गर्नुभएको सहयोगले अधिकार र शिक्षाको बाटो देखाइरहेको छ ।

# ‘मनकारी’ मैयाँ



● प्रतिमा सिलवाल

मैयाँदेवी श्रेष्ठ अर्थात् 'दु:खकी साथी', जसले दु:खी गरिबलाई मात्र होइन, राजनीतिक पार्टी (नेपाली कांग्रेस) देखि सामाजिक र शिक्षा क्षेत्रका लागि आफ्नो व्यक्तिगत धनसम्पत्ति दिनुभयो । अझ भनौं, उहाँको आफ्नो स्वामित्वको धन आफूमा मात्रै सीमित रहेन, समाजले उपभोग गर्न पायो । सामाजिक र शिक्षा क्षेत्रको विकासमा उपयोग भइरहेको छ ।

चितवनको नारायणगढ स्थित क्षेत्रपुरमा रहेको घरमा बुढ्यौली जीवन बिताइरहनु भएकी उहाँलाई आज पनि लाग्छ, 'चाहिएको सम्पत्ति अरुले उपयोग गर्न नपाए त्यो धनको महत्व के ?'

आठ वर्षदेखि पार्किन्सन्स् (एक प्रकारको बिर्सने रोग) रोगबाट पीडित उहाँ त्यसैको असरले बेलाबेलामा बर्बराउनुहुन्छ। कतिपय आफ्नो विगत स्पष्टै सम्झिन पनि गाह्रो हुँदै गएको छ । यद्यपि जीवनमा आफूले गरेका कयौं कर्मबारे सुनाउँदै भन्नुहुन्छ, -'दानले कहिल्यै हानी गर्दैन, दु:खीको दु:ख बाँड्नुपर्छ ।'

## जन्मिए लगत्तै सिस्नो झाडीमा

मैयाँदेवी जन्मिदा नेपाली समाजले छोरीको जन्मलाई खुशीले स्वीकार्दैनथ्यो । कतिपय अवस्थामा त्यो मान्यता अझै कायम छ । परिवारमा महिला गर्भवती भए परिवार छोराकै पर्खाइमा बस्ने चलन थियो, अझै हटिसकेको छैन । मैयाँदेवी जन्मिएको झण्डै एक शताब्दी अगाडिको परिवार यही समाजको एउटा प्रतिनिधि पात्र थियो ।

मैयाँदेवीका बुबा वीरबहादुर श्रेष्ठ डिठ्ठा हुनुहुन्थ्यो । वीरगञ्ज थियो उहाँको जागिरे मुकाम । गर्भवती श्रीमती गणेशकुमारी (मैयाँकी आमा) लाई वीरबहादुरले भन्नु भएको थियो रे, 'छोरी पाइस् भने अर्को बिहे गर्छु ।' पहिला एक छोरा जन्माइसकेकी गणेशकुमारीको कोखबाट दोस्रो सन्तानको रुपमा मैयाँदेवी (छोरी) जन्मिनुभयो ।

वि.स.१९८५ साल असोज ४ गते दसैंको फूलपातीको दिन थियो । गणेशकुमारीलाई प्रसव व्यथा लाग्दा एक्लै हुनुहुन्थ्यो रे । माइतीघरमै बस्नु भएकी गणेशकुमारीकी आमा (हजुरआमा) कामले घर बाहिर जानुभएको थियो । त्यही बेला मैयाँदेवीले यस धर्तीमा पाइला राख्नुभयो । गणेशकुमारीलाई भने चिन्ता थपियो । छोरी जन्मिए सौता ल्याउने भनेकाले छोरी जन्मिएको खबर श्रीमानलाई दिनुभएन । बरु श्रीमान् खुशी पार्न जन्मिएकी छोरी फाल्ने मूर्ख बुद्धि आएछ । श्रीमानले

भनेको कुरा सँझिदै गणेशकुमारीले सुसारे (त्यतिबेला घरमा काम गर्न राखिएको मान्छे) लाई नवजात शिशुलाई घर नजिकै सिस्नो झाडीमा फयाँक्न लगाएको हजुरआमाले भनेको मैयाँदेवीले अहिलेसम्म बिर्सिनु भएको छैन । हजुरआमा घर आइपुगे पछि छोरी सुत्केरी भएको थाहा पाउनुभयो र बच्चा खोज्दा भेट्नु भएन । छोरीको कुरापछि हतार हतार झाडीमा पुग्दा रोइरहेकी नातिनी (मैयाँदेवी) लाई देख्नुभयो । बच्चालाई टिपेर ल्याउनुभयो र दुध चुसाउन लगाउनुभयो । त्यसपछि सरसफाइ गरेर सुताउनुभयो । छोरीलाई पनि सम्झाएपछि बिस्तारै बच्चाप्रति माया देखाउन थाल्नुभयो तर बढी जिम्मेवारी हजुरआमाकै जस्तो भयो । तर मैयाँदेवी अलि बुझ्न थालेदेखि भने आमाले कहिल्यै नराम्रो नगरेको मैयाँदेवी सँझिनुहुन्छ । अन्ततः आमाकै प्रयासले उहाँले पढन पाउनुभयो । मैयाँदवीको हुर्काइ, बढाइ र शिक्षामा आमाकै ठूलो लगानी छ ।

मैयाँदेवीका बुवा (वीरबहादुर) को जागिर वीरगञ्जमा थियो । बुवा सँधै जसो घरबाहिर हुने भएकाले परिवारको सम्पूर्ण जिम्मेवारी मैयाँदेवीकी आमा गणेशकुमारी ले नै सम्हाल्नुहुन्थ्यो । गणेशकुमारी ३० वर्ष पुग्दै गर्दा वीरबहादुरको (मैयाँदेवीका बुवा) निधन भयो । त्यसपछि एकजना दाइ र मैयाँदेवीको रेखदेख झन् आमाको एकल जिम्मेवारी भयो ।

उहाँका अनुसार दाइ कमलप्रसादले पनि तीन वर्ष डिठ्ठा काम गर्नुभयो । मैयाँदेवीको परिवारले कपडाको व्यापार पनि गर्थ्यो । बुवा जागिरमा छँदा आमाले व्यवसाय सम्हाल्न थाल्नुभयो । देवघाटमा हुने मेलामा बन्दिपुरबाट मैयादेवीकी आमा कपडाको व्यापार गर्न आउजाउ गर्ने गर्नुहुन्थ्यो । व्यापार देवघाटमा हुने भएपछि उहाँको परिवारले चितवनमै बस्ने सोच बनायो । अहिलेको नारायणगढ क्षेत्र त्यतिबेला जंगल नै जंगल थियो, एका दुई घर । उहाँ सम्झिनुहुन्छ, जंगल जति फाँड्न सक्यो, त्यो  आफ्नै हुन्थ्यो । मैयाँदेवीको परिवारले घरमा पालेको भैंसी सयवटा जति हुन्थे । बाघ भालुको डरले दिउँसै भाला लिएर हिँड्नु पर्थ्यो । चित्री, हरिण त दिउँसो आँगनमै आउँथे' मैयाँदेवीले थप्नुभयो ।

## माइजूले खोलेको स्कूलमा पढाइ

घरमा आम्दानीको स्रोत व्यापार र बुवाको जागिर भएका कारण घरमा धन सम्पत्तिको अभाव महसुस गर्नुपरेन मैयाँदेवीले । भएको सम्पत्तिको पनि उनलाई लोभ मोह लागेन । बाबा कहिले कहाँ, कहिले कहाँ । आमाले नै घर

व्यवहार र कारोबार सम्हालेको देख्नु भएकी मैयाँदेवीलाई भने आमाले तनहुँ बन्दिपुरको खड्ग देउता भन्ने ठाउँमा मैयाँदेवीकै माइजुले खोलेको स्कुलमा पढ्न पठाउनुभयो । घर छोडेर विद्यालय जाँदाको याद उहाँलाई ताजै जस्तो छ । अलि पछिदेखि मैयाँदेवीको पढाइकै लागि आमा गणेशकुमारी पनि बन्दिपुरमा बस्न थाल्नुभयो । पढ्ने बेलासम्म कहिले नारायणगढ कहिले बन्दिपुर गरेको र एसएलसी पास भएपछि थप पढ्नुपर्छ भनेर बम्बै (मुम्बई) जानुभयो ।

उनको परिवारको व्यापार बम्बैसँग जोडिएका कारण मैयाँदेवीलाई एसएलसीपछि त्यहाँ पढ्ने अवसर मिलेको हो । आईए अध्ययन गर्दैगर्दा घरमा आमा बिरामी भएको खबर पुग्यो र चितवन आउनुभयो । त्यसपछि उहाँको अध्ययन रोकियो ।

## विवाह गराइदिने प्रयासमा विपी र गणेशमान

मैयाँदेवीकै अनुसार उहाँलाई बिहे गर्ने विचार कहिल्यै आएन । परिवारका सदस्य र आफन्तले मात्र होइन उमेरमा चिनेजानेका सबैले बिहे गर्ने बेला भएन ? बिहे कहिले गर्ने जस्ता प्रश्नको सामना कति गर्नुपर्‍यो कति । तर उहाँलाई भने पटक्कै मन लाग्दैनथ्यो । यतिसम्मकी बिहे गरिदिने भए खोलामा हाम फालेर मर्छु भन्दा पनि आमाले केटाको कुरा गर्नुहुन्थ्यो । अन्ततः उहाँकै जित भयो, बिहे कहिल्यै गर्नुभएन । रजस्वला पूर्व नै छोरी अन्माउँदा पूण्य मिल्छ भन्ने तत्कालीन मान्यतालाई उहाँको दृढ शक्तिले जित्यो । जवानीलाई सँझिदै भन्नुहुन्छ "राजनीतिमा लागेपछि जेल नेल सहनुपर्छ । आफ्नो जीवन नै समाज र राजनीतिमा होमिएको व्यक्तिले घरपरिवार सन्तानको जिम्मेवारी कसरी बहन गर्नु ?"

उहाँको अनुभवमा बिहे नगरी बस्नु ठूलो युद्ध जित्नु जस्तै हो रहेछ । देशभित्र मात्रै होइन बिहेका लागि भारतबाट पनि कुरा आउँथ्यो । नाता कुटुम्ब, घरगाउँले त भइहाले पार्टीकै ठूला नेताहरूले पनि भनिरहन्थे । विपी कोइराला र गणेशमान सिंहले समेत मेरा लागि केटा खोजेर ल्याइदिएको उहाँ सम्झिनुहुन्छ । तर उहाँले नमानेपछि एकदिन गणेशमानले 'भयो मैयाँदेवीको बिहेको कुरा नगरौं' भन्नुभयो रे ।

तर विपीले त पछिसम्म पनि बिहे गर्न सुझाव दिएको उहाँ सम्झिनुहुन्छ । 'एक पटक बम्बैबाट इन्जिनियर आएर विपीसँग गएर मैयाँदेवीसँग बिहे गर्छु कुरा गर्दिनु भनेछन् । विपीले फेरि बिहेको कुरा राख्नुभयो । तर सँधै यसैगरी बिहेको कुरा गर्ने हो भने काँग्रेसमा बस्दिन भनेर जवाफ मैयाँदेवीले दिएपछि भने अलि बन्द भयो बिहेको कुरा ।

मैयाँदेवीले बिहे नगरे पनि उहाँका चार छोरा छन् । विवाह नभए पनि आमा बन्नुभयो, आफूले नजन्माएका छोराहरुको मातृत्व ग्रहण गरेर । चार छोरालाई धर्म छोरा बनाएर पुरै अविभावकको जिम्मेवारी लिनुभएकी मैयाँदीवसँग अहिले ती मध्यका टंक पौडेल हुनुहुन्छ । उहाँको रेखदेखको जिम्मेवारी पौडेलले नै गरिरहनु भएको छ ।

## २००३ सालदेखि कंग्रेस

मैयाँदेवीमा राजनीतिक चेत जगाउने व्यक्ति विपी कोइराला हुन् । काँग्रेस भूमिगत भएकै बेला वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसमा उहाँ प्रवेश गर्नुभयो । त्यो समय उहाँको घरमा वीपी, गणेशमान, कृष्णप्रसाद भट्टराई आउजाउ गर्थे, बस्थे, खान्थे पनि । मैयाँदेवी सम्भिनुहुन्छ, "मलाई सान्दाजु (वीपी) ले नै तिमी राजनीतिमा आउ भन्नु भएको हो । एक दिन खाना खाएर बसेका बेलामा विपीले बोलाएर ए मैयाँ एउटा काम गर है भन्नुभयो । के काम हो र सान्दाई भनेर सोधेको त काँग्रेसमा लाग भन्नुभयो । मैले आनाकानी गरें । अनि उहाँले नै यतिको चलाख मान्छे राजनीतिमा आउनुपर्छ भन्नुभयो ।"

अहिलेको बुढयौलीमा पनि उहाँमा विपीसँगको स्मृति गडेर बसेको छ । विपीको अगाडि रगतको छाप कापीमा लगाएर पार्टीमा लाग्ने बाचा गरेको मैयाँदेवीले बिर्सिनु भएको छैन । त्यसपछि राजनीतिक चासो र बिस्तारै लगाव पनि बढ्दै गयो । वि.स.२००७ सालको क्रान्ति हुँदा उहाँ जन्म थलो बन्दिपुरमा हुनुहुन्थ्यो, त्यो वेला बन्दिपुरमा गोली नै चल्यो । हामी सातजना थियौं । एकजनालाई गोली लाग्यो र ढले । पुरुषहरूलाई सेनाले गोली ताक्दा मलाई मार भन्दै अगाडि सर्ने महिलाहरू पनि थिए । महिलाहरूमा त्यो वेला त्यस्तो हिम्मत देख्दा एकदम खुशी लाग्थ्यो मैयाँलाई । गोली चलाइ रहेको सेनाको हातबाट बन्दुक खोस्ने महिलाहरू पनि आफूले भेटेको बताउँदै भन्नुहुन्छ, "उमाभद्र, श्रीभद्र त्यो बेलामा नेता थिए । उनीहरूकी आमाले सेनाको बन्दुक खोसेको मैले देखें ।"

## प्रत्यक्ष चुनाव लडेर विजयी

सात सालको आन्दोलन, २०१७ सालमा प्रजातन्त्रको बर्खास्तीपछि प्रजातन्त्र पुनर्बहालीको आन्दोलनमा पनि मैयाँदेवी सरिक हुनुभयो । राजनीतिक निरन्तरता र लगावकै कारण २०४८ सालको संसदीय निर्वाचनमा मैयाँदेवीले गोरखाबाट टिकट पाउनुभयो र जित्नु पनि भयो ।

मैयाँदेवीलाई काँग्रेसले २०५८ सालमा राष्ट्रिय सभाको सदस्य बनाएको थियो । २०६२/६३ को जनआन्दोलनपछि पुनर्स्थापित संसदको सदस्य पनि बन्नुभयो । २०६४ सालको संविधानसभा निर्वाचनमा चितवनको तत्कालीन क्षेत्र नं. ३ बाट उम्मेदवार बने पनि त्यो वेला भने पराजित हुनुभयो । त्यो हारसँगै राजनीतिक क्रियाशिलता केही घटाउँदै लग्नु भएकी मैयाँदेवीले अहिले भने बुढ्यौलीमा लगभग राजनीतिक विश्राम लिनुभएको छ ।

मैयाँदेवीले तत्कालीन समयमा पनि दाजुसरह सम्पत्ती पाउनुभयो । उहाँ आफू जस्तै सबै महिलाले दाजुभाइ सरह सम्पत्ती लिनुपर्छ भन्नुहुन्छ । कानूनले पनि सम्पत्तीमा छोराछोरीको समान हक भनेको छ । तर कार्यान्वयन भएको छैन । त्यसैले कानुनले दिएको कुरा लिनुपर्छ ।

## सम्पत्ती दानको सिलसिला

चितवन निवासी उहाँलाई चितवनबासीले मैयाँदेवी भन्दा पनि 'महादानी' भन्छन् । तनहुँ, गोरखा, काठमाडौंको शैक्षिक, राजनीतिक, धार्मिक र व्यक्ति तथा संस्थालाई उत्तिकै दान (सहयोग) गर्नुभएको छ । एक लाख भन्दा कम दानको त हिसाब नै राखेको छैन भन्नुहुन्छ । मन लागे जति दान गर्न पुग्ने सम्पत्ती चाहिँ कति थियो त ? प्रश्नमा मैयाँदेवी स्मरण गर्नुहुन्छ, "यो नारायणगढको सेरोफेरो सबै हाम्रो थियो । यहाँको सबै जग्गाको रेखदेख आमाले नै गर्नुहुन्थ्यो । मामाहरूले आमालाई किन चाहियो बेच्देउ भन्नु भएछ । एक हातको एक रुपैयाँ लिंदै आमाले बेचेको जग्गामा नै अहिले नारायणगढ बजार बसेको हो ।" आमाका गरगहना पनि घरमा थुप्रै थिए । कोही आफन्त चिनेजानेकाले बिहे गर्न समस्या पर्‍यो भनेर गुनासो लिएर आउनेलाई सुन टुक्रा पार्दै दिनुहुन्थ्यो ।

दु:ख बाँड्ने चेत सानैदेखि थियो उहाँमा । सम्पत्तीको औधी माया लाग्ने बताउने उहाँ दान गर्छु भन्ने सोचले भन्दा पनि दु:ख परेकाको दु:ख बाँड्ने चाहनाले सहयोग गर्दै आएको बताउनुहुन्छ । आखिर जीवनमा खुसी हुन सक्यो भने सम्पत्ती त्यही नै हो । दुखी, गरिबलाई दिएर सम्पत्ती सकिने होइन भन्नुहुन्छ उहाँ । आमाको व्यापारको कारण बाल्यकालदेखि नै देवघाटसँग जोडिनु भएकी उहाँमा आध्यात्मप्रतिको लगाव छ । योग, ध्यान, तपस्यामा लामो समय बिताउने उहाँ मनलाई शुद्ध बनाउन सके लोभ, मोह, पीर, चिन्ता स्वत: हट्ने बताउनुहुन्छ ।

## 'मैयाँदेवी कन्या कलेज'

भरतपुरको चौबिस कोठी नजिकै उहाँकै पहल र आर्थिक सहयोगमा स्थापना भएको 'मैयाँदेवी कन्या कलेज' मा करिब हजार बढी विद्यार्थी छन् । उहाँकै नामबाट स्थापित कलेज १२ कठ्ठा जमिनमा बनेको छ । चितवनमा महिला शिक्षाका लागि नमुना मानिन्छ, यो कलेज । नारायणगढ बजारको मुख्य क्षेत्र सहिद चोकबाट केही भित्र बालकुमारी कन्या स्कुल छ । त्यो स्कुललाई पनि उहाँले १० कठ्ठा जग्गा आमाको नामबाट दिनुभएको छ ।

शिक्षण संस्था मात्रै होइन आफू क्रियाशिल राजनीतिक पार्टीको लागि पनि सम्पत्ती दान गर्नुभएको छ । नेपाली काँग्रेसको राजनीतिमा सक्रिय श्रेष्ठले दिएकै जग्गामा नारायणगढमा चितवन काँग्रेसको भव्य भवन बनेको छ । नेपाली काँग्रेस केन्द्रीय कार्यालयका लागि २०५६ सालमै करिब दुई करोड पर्ने काठमाडौंको रवि भवनको घर र जग्गा प्रदान गर्नुभएको छ । नारायणगढ बजारमा आफु बस्दै आएको लगभग आठ करोड रुपैयाँ मूल्य पर्ने घर र जग्गा सामाजिक कामका लागि 'मैयाँदेवी ट्रष्ट' बनाएर सोही ट्रष्टलाई हस्तान्तरण गरिसक्नु भएको छ । घरजग्गा बाहेक दुई करोड रुपैयाँ नगद पनि दान गरिरहनु भएको छ ।

ट्रष्टका महासचिवसमेत रहेका मैयाँदेवीका धर्म छोरा टंक पौडेल मैयादेवीले गरेको सामाजिक योगदानका कामलाई जीवन्त राख्न ट्रष्ट सक्रिय हुने बताउनुहुन्छ । महिला, बालबालिका, खानेपानी, स्वास्थ्यका योजना बनाउन, अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न ट्रष्टले योजना बनाएर काम गर्दै आएको छ ।

सहयोगको सूची लामो छ, नेवा: पुच नारायणगढलाई भवन बनाउन एक करोड रुपैयाँ मूल्य बराबरको जग्गा, विभिन्न १० जनालाई चितवनमा लगभग ३० करोड मूल्य बराबरको जग्गा प्रदान, भरतपुर महानगरपालिका, ३ को वडा कार्यालय बनाउन जग्गा प्रदान गर्नुभएको छ तर धेरथोर सहयोगको त हिसाबै नै राखिएको छैन् । अरुलाई सहयोग गर्नमै आनन्दित हुने उहाँ हिजोआज स्वास्थ्यका कारण घरमै आराम गरिरहनु भएको छ । ९० पार गरिसक्नुभएकी मैयाँदेवी सुखभन्दा दुःख बाँड्नुपर्ने सल्लाह दिनुहुन्छ ।

## चीन भ्रमणको सम्झना

वि.स.२०४९ मा प्रतिनिधी सभा सदस्य हुनुहुन्थ्यो । संसदीय प्रतिनिधी मण्डल चीन भ्रमण जाने कुरा भयो । सभामुख दमननाथ ढुंगानाको नेतृत्वमा १२ दिनको कार्यक्रम तय भएको थियो । उहाँ स्मरण गर्नुहुन्छ, "नेपाली कांग्रेसबाट म र नेकपा एमालेबाट अष्टलक्ष्मी शाक्य, डा. भरत प्रधान र  घनश्याम पौडेल गएका थियौं । चीनको बारेमा धेरै कुरा बुझ्ने मन थियो । तर त्यहाँ जाँदा सुनेको भन्दा धेरै फरक पाए ।" चीनमा देवता मान्दैन भन्थे तर बुद्धको मन्दिरमा धुप बालेको र महिलाहरूले ठूलठूला घर बनाउँदै गरेको देख्दा अचम्म लागेको उहाँ बताउनु हुन्छ । बुढाबुढी मार्छन् भन्ने सुनेको तर बुढाबुढी खुशीले हिँडिरहेको, सडकमा मागेर बस्ने कोही नभएको र आधा रातमा पनि एक्लै महिलाहरू बजार, सडकमा हिँडेको देख्दाको अनुभव भने संसदमा सुनाउनुभयो । उहाँ भन्नुहुन्छ, "चीनमा सबै देखेपछि कम्युनिष्ट र चीन बारे मेरो पुरानो भ्रम हट्यो, भ्रमणमा अष्टजीसँगै भएकाले पनि मलाई धेरै सहयोग भयो ।" मैले जे देखें त्यो कुरा संसदमा विशेष समय लिएर राख्दा सबैले ध्यानपूर्वक सुन्नुभयो ।"

मैयाँदेवी बारे नेकपा नेतृ अष्टलक्ष्मी सम्झिनुहुन्छ, "सधैं हँसिलो र खुसी देखिनु हुने उहाँ कांग्रेस सरकारमा हुँदा प्रतिपक्ष सांसदहरूसँग पनि अत्यन्तै नजिक भएर कुराकानी गर्नुहुन्थ्यो ।" शाक्यको बुझाइमा मैयाँदेवी धनको मात्र हैन मनको पनि धनी हुनुहुन्छ । संसद तथा समग्र मुलुकको राजनीतिक हितमा उहाँको योगदान सँधै सकारात्मक दृष्टिकोणबाट प्रेरित हुने खालको हुन्थ्यो । सांसद भएका बेला सांसदहरूको अविभावक जस्तै हुनुहुन्थ्यो ।

उहाँ सांसद हुँदा संसदमा पुग्ने बितिकै सबैलाई काजु किसमिस बाँड्नुहुन्थ्यो भने कति सांसदहरू त दिदी भन्दै हात थाप्न आउने गरेको रमाइलो प्रसंग उहाँसँग सांसद भएकाहरु सम्झिन्छन् ।

उहाँ दानी व्यक्ति । उहाँको दान लोककल्याणकारी कार्यमा लागिरहेका कारण जबजब मनकारी व्यक्तिहरुको चर्चा हुने छ उहाँको नाम सबै भन्दा पहिला लिइने छ । उहाँ जीवित अवस्था मै अमर हुनुभएको छ । ●